# गेजिङ वरपर एसी भ्यानको माध्यमबाट जैविक साग सब्जी बिक्री गरिने



**गेजिङ ६ दिसम्बरः** सिक्किम सरकारको बागवानी तथा नगदे वालि विकास विभाग पश्चिम जिल्लाको पहलमा आजदेखि गेजिङ वरपर सरकारले उपलब्ध गराएको एसी भ्यानबाट कृषकहरूले उत्पादन गरिएको जैविक साग सब्जी बिक्री गर्ने कार्यक्रमको विधिवत् रूपमा उद्घाटन गरियो। बागवानी तथा नगदेवाली विकास विभागको ग्यावास्थित भण्डारमा गेजिङ नगरपालिका अध्यक्ष आइके न्यौपानेले झण्डा हल्लाएर यस अभियानको शुरूवात गरे। यस अभियानबारे जानकारी दिदै विभागका संयुक्त निर्देशक राजेन थापाले विभागको पहलमा आजदेखि गाउँबाट कृषकहरूले उत्पादन गरेको जैविक साग सब्जी सरकारले उपलब्ध गराएको एसी भ्यानमा प्रत्येक हप्ताको बुधबार गेजिङको जिल्ला अस्पताल परिसर पाण्डे कोलनी, पावर कोलनी, गुरूथाङ, आठ माइल, जिल्ला प्रशासन केन्द्रमा बिहान सात बजेदेखि बिक्री गरिने जानकारी दिए। उनले पश्चिम जिल्ला प्रशासन केन्द्र परिसरमा पनि विभागले एउटा जैविक सब्जी बिक्री केन्द्र निर्माण गरिरहेको छ भने केही समयसम्म उक्त गाडीबाट नै सरकारी कर्मचारीले बिक्री गर्ने बताए। यसले विशेषगरी सरकारी कर्मचारीलाई सरल हुने बताउँदै बजार भाउ भन्दा सब्जीको दाम पनि कमी तोकिएको र रेट चार्ड पनि विभागले गाडीमा लगाई दिएको र गाउँमा कृषकहरूलाई उचित मूल्य दिएर विभागले उठाउने बताए। विभागले तोकिएको विभिन्न स्थानमा बुधबार बिहान सब्जी भ्यान घन्टी बजाउँदै आउने छ भने उपभोक्ताहरूले विभागले तोकेको भाउमा उक्त सब्जी सरल प्रकारले लिन सक्ने थप जानकारी गराए। गाउँले कृषकहरूले उत्पादन गरेको सब्जीलाई विभागले किनेर यसरी बेन्ने निर्णय लिएको र सरकारले जैविक मिशनलाई सफल पार्ने विभागलाई एसी भ्यान पनि उपलब्ध गराएको छ भने गाउँबाट नै कृषकहरूको सब्जीहरू उठाइदिने पनि जनाए ।यसमा साग सब्जी,फल,फूल आदि सबै रहेको पनि जानकारी दिए। मुख्य अतिथिको आसनबाट बोल्दै अध्यक्ष आइके न्यौपानेले विभागले यस्तो महत्त्वपूर्ण पहल उठाएकोमा धन्यवाद व्याक्त गर्दै अब सिक्किममा कृषक वर्गको महत्त्व बडेर गएको जनाए। आगामी ३१ मार्चदेखि राज्य बाहिरको साग सब्जीलाई पूर्णरूपमा प्रतिबन्ध लगाउने मुख्यमन्त्रीको घोषणले कृषकहरूमा खुशीको लहर छाएको जनाए। जैविक राज्यको प्रचार प्रसार देशका प्रधान मन्त्रीले विभिन्न देश लगायत राज्यमा गरि रहेका छन भने सिक्किम जैविक ब्रान्डले आगामी दिनमा विश्वमा चिनिने छ भने यसले मानव जातिको स्वास्थ्यमा ठूलो सकारात्मक टेवा पुऱ्याउने बताए। युवा पिढ़ीले जैविक खेतीसँगै यसको व्यापारमा संलग्न रहेर काम गर्नुपर्ने बताए।

# कृपाशाल्यान स्कूलमा वार्षिक उत्सव



दरामदिन, ६ दिसम्बरः विगत साल झैं यसपालि पनि कृपाशाल्यान वरिष्ठ माध्यमिक पाठशालामा दुई दिवसीय वार्षिक उत्सवको दोस्रो तथा अन्तिम समापन कार्यक्रम पाठशालाको खेल मैदानमा सम्पन्न भयो। आजको कार्यक्रमको मुख्य अतिथि पश्चिम जिल्ला अध्यक्षा देविका सुब्बा उपस्थित थिइन् भने साथमा ग्राम तथा जिल्ला पञ्चायत, अवकाश प्राप्त शिक्षक तथा अन्य विभागीय अधिकारीगण, पाठशाला प्राचार्य पीबी छेत्री, वरिष्ठ नागरिकवर्ग तथा अभिभावकहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा हाजिरी जवाफ प्रतियोगिता अन्तर विद्यालय, टग अफ् वार, पासिङ बल, महिलाहरूको निम्ति सांगीतिक कार्यक्रम, नृत्य प्रतियोगिता तथा फुटबल रहेको थियो. कार्यक्रममा पाठशालाबाट हालै सेवानिवृत्त भएका शिक्षकलाई दोसल्लाह ओढाई सम्मान साथ प्रशस्ति पत्र प्रदान गरियो। पाठशाला प्राचार्यद्वारा पाठशालाले गरेको अहिलेसम्मको उपलब्धिबारे प्रकाशपारे भने प्रमुख अतिथि देविका सुब्बाले सम्पूर्ण स्कूल परिवारप्रति आभार व्यक्त गर्दै विद्यार्थीको निम्ति वार्षिक उत्सव प्रेरणा केही सिक्ने, मनोरञ्जन गरिने समय हो। शीतकालीन विदामा केही यादगार रहोस् भन्ने इच्छाले उक्त कार्यक्रम गरिएको जानकारी गराइन्।

# एनआईसीद्वारा प्रयोगकर्ता कार्यशाला

गान्तोक, ६ दिसम्बरः आज राष्ट्रिय सूचना विज्ञान केन्द्र (एनआईसी)- गान्तोकद्वारा एनआईसी दिल्लीका प्राविधिक निर्देशक अनिल कुमार, परियोजना प्रबन्धक एनआईसी दिल्ली अनि एनआईसी गान्तोकका एसआईओ सहितको एनआईसी दिल्लीबाट आएको प्रतिनिधि टोली मिलेर एक दिवसीय प्रयोगकर्ता कार्यशाला आयोजन गरियो। एसपीसीबी सिक्किमका प्रधान वैज्ञानिक डा. गोपाल प्रधानद्वारा अगुवाई गरिएको राज्य प्रदूषण नियन्त्रण बोर्ड सिक्किमका अधिकारी अनि कर्मचारीहरूका लागि सो कार्यशाला सम्पन्न गरिएको थियो। राज्य प्रदूषण नियन्त्रण बोर्ड सिक्किमका अधिकारीहरूका लागि रहेको सो एक दिवसीय प्रयोगकर्ता कार्यशाला एनआईसी नयाँ दिल्लीद्वारा विकसित अनलाइन स्वीकृति प्रबन्धन तथा निगरानी प्रणाली सन्दर्भमा सम्पन्न गरिएको थियो। सो कार्यशालाको मुख्य उद्देश्य कारखानालाई अनलाइन डिजिटलकृत हस्ताक्षरको स्वीकृति तथा अनुमति जारी गर्नु तथा स्थापना परिचालन (नयाँ-नविकरण) अनुमतिको स्वीकृतिका लागि औद्योगिक आवेदनलाई अनलाइन बुझाउनुपर्ने सन्दर्भमा राज्य प्रदूषण नियन्त्रण बोर्ड सिक्किमका अधिकारीहरूलाई प्रयोगकर्ता तालिम उपलब्ध गराउनु हो भनी जनाइएको छ। यस प्रणालीले एसपीसीबी सिक्किमका अधिकृतहरूलाई उद्योगबाट प्राप्त आवेदनको अनलाइन प्रक्रमणमा सहयोग पुग्ने जनाइएको छ। उक्त प्रयोगकर्ता तालिममा नयाँ दिल्ली साथ साथै एनआईसी सिक्किम युनिटका अधिकारीहरूले प्रतिभागीहरूलाई सफ्टवेयर प्रदर्शनी पनि उपलब्ध गराए। सफ्टवेयर प्रदर्शनी पछि राज्य बोर्डका अधिकारीहरूलाई हस्तान्तरित प्रयोगकर्ता तालिम पनि प्रदान गरियो।

## राज्यपाल तथा मुख्यमन्त्रीद्वारा बारहिमिजोङ पर्वको शुभकामना

**गान्तोक, ६ दिसम्बरः** बाराहिमिजोङ पर्वको पावन अवसरमा राज्यपाल श्रीनिवास पाटिल अनि प्रथम महिला रजनीदेवी पाटिलले सिक्किमवासीलाई बधाई अनि शुभकामना दिएका छन्। आफ्नो सन्देशमा राज्यपालले भनेका छन्, बारहिमिजोङ पर्व हाम्रा मंगर दाजु भाईसित सम्बद्ध छ जसले मानव मानव जातिको पालनहारा तथा संरक्षणको रूपमा ईश्वरप्रति हाम्रो विश्वासको महत्व बुझाउँछ। प्रकृति मातातर्फ हाम्रो आकर्षणको यो अर्को प्रतिबिम्ब पनि हो तथा शताब्दीऔंदेखि प्रकृतिसित एक भएर बाँचेको हाम्रो मार्ग कसरी विकसित हुनुपर्छ भन्ने कुरा दर्शाउँदछ। यो पर्व विशेष गरेर खेतीवाला समुदायसित सम्बद्ध छ,जसमा ईश्वरलाई ताजा फसल अर्पण गरी आउँदो दिनका लागि सौभाग्यको मागलाई दर्शाउँछ अनि यसमा धर्म, जाति अनि वर्ग नछुट्याई सबै सिक्किमे समुदायले प्रतिनिधित्व गर्दछन्। वर्षौं वर्षसम्म ईश्वरले सबै सिक्किमेलाई आनन्त समृद्धिसहित भरपूर फसलको आशिर्वाद प्रदान गर्नेछन्, राज्यपालले आफ्नो सन्देशमा लेखेका छन्।

अर्कातिर, मुख्यमन्त्री पवन चामलिङ र श्रीमती टिका माया चामलिङले पनि बारहिमिजोङ पर्वको अवसरमा सिक्किमका जनतालाई हार्दिक बधाई एवं शुभकामना व्यक्त गरेका छन्। मुख्यमन्त्री चामलिङले बुधबार जारी आफ्नो सन्देशमा भनेका छन्, 'बारहिमिजोङ पर्व प्रत्येक वर्ष मगर पूर्णिमाको पाँचौं दिन पालन गरिन्छ। यस दिन मगर समुदायका मानिसहरूले पारम्परिक पोशाक लगाएर आफ्नो पैतृक भूमिमा विभिन्न धार्मिक अनुष्ठानका साथ आफ्ना पूर्वजहरू र कुलदेवताहरूको पूजा-अर्चना गर्ने गर्छन्।' यस पर्वले प्रेम अनि परिवारबीचको सम्बन्धलाई प्रगाढ़ बनाउँदै प्रत्येक व्यक्तिमा समृद्धिको वर्षा होस भनी मुख्यमन्त्रीले आफ्नो सन्देशमा कामना गरेका छन्।

# सिक्किमले ९० प्रतिशत भन्दा अधिक टीकाकरण कवरेज हासिल गरिसकेको छः स्वास्थ्य मन्त्री

**गान्तोक, ०६ दिसम्बर।** राज्य स्वास्थ्य विभागका मन्त्री अर्जुन कुमार घतानी बुधबार केन्द्रिय स्वास्थ्य मन्त्री जेपी नड्डासितको वीडियो कन्फरेन्समा सहभागी बने। यो वीडियो कन्फरेन्स देशका विभिन्न राज्यहरूमा तीव्र अभियान इन्द्रधनुष (आईएमआई) को कार्यान्वयनको निम्ति आयोजना गरिएको जानकारी आइपीआर विभागले दिएको छ। मन्त्री घतानीले सिक्किममा प्यानलको अध्यक्षता गरेका थिए। प्यानलमा स्वास्थ्य विभागका सचिव एवं आयुक्त विशाल चौहान, राष्ट्रिय स्वास्थ्य अभियानका अभियान निदेशक डा. बिमल राई र राज्य टीकाकरण अधिकारी डा. फुम्जे डेञ्जोङपा सामेल थिए। सिक्किम राज्यको प्रदर्शनप्रति केन्द्रिय मन्त्री नड्डाले खुशी व्यक्त गरे भने राज्यमा टीकाकरण र स्वास्थ्य परिदृश्यमा सुधार ल्याउनको निम्ति राज्यको पहलको सराहना गरे। स्वास्थ्य मन्त्री घतानीले केन्द्रिय मन्त्री नड्डाद्वारा आईएमआईबारे राखेका प्रश्नहरूको जवाफ दिए। यसै क्रममा उनले सिक्किममा आईएमआई सफलतापूर्वक लागू गरिएको जानकारी दिए। उनले प्रधान मन्त्री नरेन्द्र मोदीद्वारा गुजरातमा आईएमआईको शुरूवातसँगै सिक्किममा पनि ०८ अक्टोबर, २०१७ को दिन आईएमआई शुरूवात गरिएको अवगत गराए। वर्ष २०१८ सम्म ९० प्रतिशत टीकाकरणको लक्ष्य पूरा गरिनुपर्ने भारत सरकारको लक्ष्यबारे सोधिएको प्रश्नको जवाफमा मन्त्री घतानीले भने, 'एनएफएचएस अनुसार सिक्किमले ८३ प्रतिशत टीकाकरण कवरेज हासिल गरिसकेको छ। हाम्रो राज्यले अगावै ९० प्रतिशत भन्दा अधिक टीकाकरण कवरेज हासिल गरिसकेको छ।' उनले चाँड़ोभन्दा चाँड़ो सय प्रतिशत टीकाकरण प्राप्त गर्न अथक प्रयास गरिरहेको पनि केन्द्रिय मन्त्रीले बताए।

उनले आईएमआईबारे लक्षित जनमानसलाई अवगत गराउन अप्नाइएका विभिन्न पहलहरूमाथि प्रकाश पारे। केन्द्रिय मन्त्रीको निर्देशमा उनले विभागीय अधिकारीहरूलाई यस अभियानलाई सफल बनाउनको निम्ति नागरि समाज, गैर सरकारी संस्था र सामाजिक कार्यकर्ताहरूलाई पनि संलग्न गर्ने निर्देश दिए। यसरी नै उनले जिल्ला टास्क फोर्सले टीकाकरणको निम्ति झेल्न परिरहेको चुनौतीलाई सम्बोधन गर्न उनीहरूसँग वीडियो कन्फरेन्स गर्ने सुझाउ पनि दिए।

# गेरेथाङ स्कूलका विद्यार्थीहरु राजधानीको भ्रमणमा

**गान्तोक, ६ दिसम्बरः** पश्चिम सिक्किमको गेरेथाङ उच्च माध्यमिक विद्यालयको दशौं श्रेणीका विद्यार्थीहरूको टोलीले बुधवार राजधानी गान्तोक तथा संलग्न क्षेत्रका विभिन्न महत्त्वपूर्ण स्थलको अध्ययन भ्रमण गरेका छन्। विद्यालयका शिक्षक-शिक्षिकाहरू क्रमैले मनिषा पाण्डे, बीबी सुब्बा, जिनामित लेप्चा र दावा ल्हमु लेप्चाको नेतृत्वमा अध्ययन भ्रमणमा आएको यो टोलीमा कुल ४० जना विद्यार्थी रहेका छन्।

विद्यालयका प्राचार्य बीएस सुब्बाको अनुमति लिएर आयोजित अध्ययन भ्रमणको मुख्य उद्देश्य विद्यार्थीहरूलाई आफ्नो राज्यको राजधानी तथा यहाँ अवस्थित महत्त्वपूर्ण तथा ऐतिहासिक स्थलको प्रत्यक्ष दर्शन र जानकारी गराउनु रहेको विद्यालयकी पीजीटी मनिषा पाण्डेले बताएकी छन्। ''राज्यका दुर्गम स्थलमा अवस्थित विद्यालयमा अध्ययनरत यस्ता धेरै विद्यार्थीहरू छन्, जसले आफ्नो राज्यको राजधानी शहर देख्न पाएका छैनन्। यसले गर्दा विद्यालयमा हामीले पढ़ाउने धेरै विषयमा विद्यार्थीहरू अनविज्ञ रहेको महसुस गरेका छौं। यसैले हाम्रा विद्यार्थीहरूलाई राज्यको राजधानीसहित यहाँ अवस्थित महत्त्वपूर्ण एवं ऐतिहासिक स्थलहरूको प्रत्यक्ष दर्शनसहित जानकारी गराउने उद्देश्य लिएर हामीले विद्यार्थीहरूलाई अध्ययन भ्रमणमा ल्याएका हौं''-शिक्षिका पाण्डेले भनेकी छन्। विद्यार्थीहरूको यो टोलीले सिक्किम विधानसभासहित चिन्तन भवन, वाज्रा सिनेमा हल, साइन्स सिटी, सरम्सा उद्यानको भ्रमण गरेर यी स्थलसित सम्बद्ध विभिन्न विषयमा जानकारी हासिल गरेका छन्।

विद्यार्थीहरूको यो अध्ययन भ्रमणलाई प्रायोजन गर्न विभिन्न व्यक्तिविशेष र संस्थाले पनि सहयोग पुऱ्याएको शिक्षिका पाण्डेले जानकारी दिएकी छन्। उनले बताएअनुसार एसिलेरेटर म्यागेजिन एण्ड एकाडेमी, सुश्री निमा ल्हमु तोङ्देन र क्लिक बार एण्ड रेस्टुरेन्ट, गिर्मी नामग्याल, आशिष अग्रवाल, दार्जीलिङ स्टोर, प्रेम गुरुङ र तेञ्जिङ लामाले अध्ययन भ्रमण टोलीलाई प्रायोजन गरेर सहयोग पुऱ्याएका छन्। उनले यी सबै प्रायोजकप्रति आन्तरिक हृदयबाट आभार प्रकट गरेकी छन्।

आगामी वर्षको फरवरीमा दशौं श्रेणीको बोर्ड परीक्षा दिइरहेका विद्यार्थीहरूले राजधानी शहरका महत्त्वपूर्ण स्थलको भ्रमण तथा दर्शन गर्न पाउँदा असाध्य खुशी लागेको बताएका छन्। टोलीमा सहभागी एक विद्यार्थीले भने, ''हामीले सुन्दर गान्तोक शहरको दर्शनसँगै यहाँ अवस्थित विभिन्न महत्त्वपूर्ण स्थल आँखाले हेर्नका साथै यी विषयमा धेरै कुरा जान्ने अवसर पायौं। हामीले पाठ्यपुस्तकमा पनि यी विषयहरूमा पढ्नुपर्छ। यो अवसर जुटाउने हाम्रो विद्यालयका प्राचार्यसहित शिक्षक-शिक्षिकाहरूलाई धन्यवाद दिन चाहन्छौं।''

## भातिसीपुद्वारा स्वच्छता अभियान

**गान्तोक, ६ दिसम्बरः** भारत तिब्बत सीमा पुलिस बलको ११औं वाहिनीद्वारा सेनानी राजेश कुमार तोमारको अध्यक्षतामा स्वच्छता जागरूकता अभियान सञ्चालन गऱ्यो। यस कार्यक्रममा वाहिनीका अधिकारीहरूद्वारा वाहिनीका नजिकका इलाकाहरूमा सफाई कार्य गरे तथा पेगांग गाउँका जनतालाई पनि आफ्नो छेउछाउका इलाकाहरूमा स्वच्छता आउन हेतु जागृत गरे। राजेश कुमार तोमारद्वारा यस कार्यक्रम अवधि वाहिनीका पदाधिकारी, स्थानीय जनतालाई आफ्नो छेउ छाउलाई स्वच्छ बनाउन अपील गरे। आफ्नो सन्देशमा तोमारद्वारा स्थानीय जनतालाई जागरूक गरी स्वच्छतालाई जीवनको एक हिस्सा बनाउन आग्रह गरे। यस कार्यक्रमलाई सफलतापूर्वक आयोजन गरेकोमा स्थानीय प्रशासनद्वारा तोमारप्रति आभार व्यक्त गरे।

## एसआरएम विश्वविद्यालयको...

दीक्षान्त समारोह आयोजन गऱ्यो। यस विश्वविद्यालयबाट स्कूल अफि इन्फरमेशन टेक्नोलोजी अनि स्कूल अफ् मेनेजमेन्ट एण्ड कमर्सका गरी एक सय भन्धा अधिक विद्यार्थीहरू स्नातक भएका छन्। प्रथम दर्जामा ६, दोस्रो दर्जामा ६ अनि तेस्रो दर्जामा ५ गरी कुल १७ विद्यार्थीहरूलाई क्रमैले स्वर्ण, रजत अनि काँस्य पदक प्रदान गरियो।

समारोहमा मुख्यमन्त्री पवन चामलिङले आफ्नो सम्बोधनमा विद्यार्थीहरूलाई ज्ञानको अन्वेषण, सृजनात्मकता निर्माण तथा बौद्धिक स्तर तेज बनाउन अभिप्रेरित गरे। मुख्यमन्त्रीले समारोहको उपस्थितिलाई असल सोच अन्तनिर्विष्ट गर्न तथा पश्चिमी मुलुकमा झैं श्रमको सम्मान गर्ने सल्लाह दिए। उनले उच्च डिग्री लिएर मात्र होइन महान मानव मूल्य आत्मसात गरी जीवना अघि बढ्नुपर्ने सल्लाह दिंदै केवल बौद्धिक मात्र नभएर पूर्णतावादी हुनुपर्ने आह्वान पनि गरे।

एसडीएफ पार्टीको सरकार आउन अघि राज्यमा एउटा मात्र महाविद्यालय रहेको कुरा उल्लेख गर्दै आजको दिनमा राज्यमा एउटा केन्द्रीय विश्वविद्यालय, धेरैवटा महाविद्यालय र निजी विश्वविद्यालय स्थापित भएको उनले बताए। वर्ष २०१८मा सिक्किमलाई पूर्ण साक्षर राज्य बनाउने लक्ष्य लिएर सरकारले शिक्षाको क्षेत्रमा कार्य गर्दै आएको पनि उनले थप बताए।

यस अघि राज्यपाल श्रीनिवास पाटिलले विद्यार्थीहरूलाई बधाई दिंदै यस संस्थानबाट आर्जन गरेका ज्ञानहरूलाई विद्यार्थीहरूले आफ्नो जीवनमा उतार्नेछन् र समाजमा लिएर जानेछन् भन्ने आशा व्यक्त गरे। उनले यो यात्रा केवल डिग्री आर्जन गरेर समाप्त हुनेछैन भन्दै विद्यार्थीहरू जीवनमा अझ ठूलो उपलब्धी प्राप्त गर्न अगाड़ी बढ्नुपर्छ भने। उनले भने, 'आज विद्यार्थीहरू शिक्षा आर्जनमा मात्र सिमित छैनन्। यसबाहेक पनि उनीहरू विभिन्न अतिरिक्त कौशल विकासको निम्ति लागिपरिरहेका छन्।

दीक्षान्त समारोहलाई एसआरएम विश्वविद्यालयका अध्यक्ष डा. पी. सत्यनारायण र संस्थापक कूलपति डा. टीआर पारिवेन्धरले पनि सम्बोधन गरेका थिए। यस अवसरमा राज्यपालद्वारा विद्यार्थीहरूलाई डिग्री एवं पुरस्कार प्रदान गरियो।

# जीटीए शिक्षण.....

पहाड़मा जीटीए अधीन रहेका राज्यका सरकारी सहायताप्राप्त स्कूलका शिक्षण-अशिक्षण कर्मचारीहरूको निम्ति अनलाइन वेतन भुक्तानको व्यवस्था शुरू गर्न सकिएको थिएन। विलम्ब नै गरेर भए पनि राज्य सरकारले पहाड़का सरकारी स्कूलका शिक्षण-अशिक्षण कर्मचारीहरूको वेतन अनलाइन भुक्तान गर्न प्रक्रिया थालेको छ।

शिक्षा मन्त्रालयका प्रतिनिधि दलको पक्षमा सामसुल आलमले बताएअनुसार जीटीए अधीनमा रहेका सबै स्कूलका शिक्षण-अशिक्षण कर्मचारीहरूको अनलाइन सेलरी सिस्टम शुरू हुँदैछ। तर अनलाइन वेतन व्यवस्था शुरू गर्नअघि राज्यको शिक्षा मन्त्रालयका प्रतिनिधि दलले पहाड़का स्कूलहरूका पूर्वाधारहरूको स्थलगत निरीक्षण गर्ने तिनको भनाइ छ।

ABRIDGE
N.I.E.T NO. 11-E of 2017-2018
OF EXECUTIVE ENGINEER, PWD.
DARJEELING DIVISION
VIDE E TENDER
I.D NO. 2017_WBPWD_141360_1

The undersigned invites online bids through e-Tender as per schedule mentioned in the respective notice for (01) one nos of work under PWD., Kurseong Sub-Division of Darjeeling Division during 2017-2018.
The tender amount and other details may be seen from the website. **https://wbtenders.gov.in**
Last date of submission for bid is 19.12.2017 upto 5:30 pm.

Sd/- P. Halder
Executive Engineer, PWD.,
Darjeeling Division

## NOTICE

I, Shir/Smt. Pushpa Gurung Tamang S/D/W of Lt. Man Bhadur Gurung do hereby affirm that I wish to get the name of my daughter (name the relation) i.e. Shir/Smt. Chemila Tamang S/D/W Chedup Tamang of GP/ Ward 32 P.S Sadar P.O Lebong recorded under rule 10(3) of WBRB&D Rule, 2000 with the date of birth/ death as 15/6/2016 and the date of final order by the Executive Magistrate, Darjeeling/ DJ has been fixed on 18/01/2018.

## Auction Notice

Sealed Tenders are invited form interested parties for purchasing of (6) six u/s M/cycles of SIB, Gangtok with detailed as shown below:-

| Sl. No. | Vehicle No. Type/Make | Year of Purchase |
|---|---|---|
| 1. | SK01PA/1824 (Bajaj Boxer) | 2003 |
| 2. | SK01P/9213(Hero Honda Splender) | 2004 |
| 3. | SK01PA/0210 (Bajaj Boxer) | 2003 |
| 4. | SK01P/9219(Enfield 500cc) | 2001 |
| 5. | SK01P/0211(Hero Honda Splender) | 2005 |
| 6. | SK01P/Enfield 500cc) | 2001 |

2. The sealed tender alongwith Bank Draft of Rs. 1000/- in favour of DDO, SIB, Gangtok as earnest money should reach the undersigned on or before 13.12.2017(1500Hrs). The tenders will be opened at 1200 Hrs on 14.12.2017 by a board in office of undersigned.
3. The board reserves all the right to accept/reject and postpone the tenders without assigning any reason thereof.
4. The earnest money of the rejected tenderer shall be returned soon after the auction.
5. The bidders may inspect the M/cycles from 11.12.17 to 13.12.17 between 100 hrs to 1300 hrs at SIB premises, Balwakhani, Gangtok. The highest bidder shall be deposited the bidding amount to the MTO and lift the M/cycle within three working days of auction.

FREE
4 Burner Cook Top with Designer Chimney
VERY Italian




Give yourself a Glen Chimney. You deserve the experience.
GLEN
The Pulse of Modern Kitchen
Stockist:
PRAKASH ENTERPRISES
Sevoke Road, Siliguri
Tel.: 0353-2432235, 2521291

KANHAIYA JEWELLERS



यहाँ सक्कली नेपाली सुन (24 कैरट) रेडिमेड अर्नामेंट र तपाईको अर्डरमा पाइन्छ।
विश्वास तपाईको, भरोसा हाम्रो।
Specialist in :
24 /24cts., 24cts., 22/22 cts. &22cts. (KDM)
Available
Monthly Savings Scheme
Meghdoot Cinema Building
Hill Cart Road, Siliguri.
Ph: 0353-2520047(S), 2561725(R)
WE ACCEPT DEBIT & CREDIT CARD
FOREIGN MONEY EXCHANGE

NEED LIC HOUSING LOAN CONTACT:
NO : 8348574294
9434445010
NOTE : GOVT EMPLOYEES ONLY

विशेष मौका
रुम्तेकमा युवा पर्यटन केन्द्र र विदेशी पर्यटकको निम्ति शान्तिपूर्ण प्राकृतिक दृश्यमय रिसोर्ट लिज (lease) मा उपलब्ध छ साथै पर्यटकहरूलाई स्वागत छ सम्पर्क गर्नुहोस्ः 94341-17180, 7550991690

URGENT PLACEMENT FOR INTERNATIONAL AGENCIES
Lic No.: 00930/BOM/PART/1000/5/904/84
Urgently Required M/F candidates to offer jobs in different countries

| Sl. No. | Category | Salary/Monthly | Countries |
|---|---|---|---|
| 01 | Driver, Security Guards, Cook | Rs. 40 - 1.7 lakh | Azerbaijan |
| 02 | Sales, Cashier | Rs. 60 - 70 thou. | Singapore |
| 03 | Packing Labour, S. Guards | Rs. 25 - 50 thou. | Dubai |
| 04 | Packing Labour | Rs. 80 - 1.2 lakh | New Zeland |
| 05 | Hotel, Factory Labour | Rs. 80 - 1.2 lakh | Canada |

To know more details: Airport Plaza Building, Upper Bagdogra, Siliguri
Mob.: 75840-19809, 75840-19810, 0353- 2004625
Email:rinternational05@yahoo.com

नोट : पाठकहरूलाई यो सूचित गरिन्छ  कि यस समाचार पत्रमा प्रकाशित कुनै पनि विज्ञापनहरूलाई स्वीकार गर्नु अघि यसको सत्यतालाई जाँच गर्नुपर्नेछ। कुनै प्रकारको धोखा, हानी भएमा त्यसको जवाफदेही यो समाचार पत्र अथवा प्रकाशक हुनेछैन। -सम्पादक